## मिति २०८२/१२/२१ गतेको नगरकार्यपालिका बैठकका प्रस्तावहरु

१. कृषि हाटबजार पूर्वाधार माग गर्ने सम्बन्धमा ।
२. चिस्यान केन्द्र सम्बन्धमा ।
३. डिपिआर भएका बैकल्पीक राजमार्गको नामवली पठाउने सम्बन्धमा ।
४. विविध सम्बन्धमा ।

### निर्णय नं. १

प्रस्ताव नं. १ माथि छलफल गर्दा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय को च.नं.३३०, मिति २०८२/१२/१७ गतेको पत्र साथ प्राप्त कृषि तथा पशुपन्छी विकास मन्त्रालयको साप्ताहिक कृषि हाटवजारलाई साप्ताहिक रुपमा नियमित सञ्चालन हुने आवश्यक व्यवस्था मिलाउन अनुरोध गर्दै स्थानीय तहमा रहेका कृषि हाटबजार पूर्वाधारको हालको अवस्था, थप पूर्वाधार निर्माण गर्नु पर्ने आवश्यकता एवं सम्भाव्यता सम्बन्धमा विभिन्न ९ बुँदा उल्लेख गरी बिवरण माग भएकोमा तपशिल अनुसारका हाटवजारहरु प्राथमिकता कम अनुसार निर्माण गरी संचालन गर्ने । साथै उक्त कार्यको लागि नगरपालिकाले उल्लेख भएबमोजिम ५० प्रतिशत लागत साझेदारी गर्ने प्रतिवद्धता सहित आवश्यक व्यवस्थापनको लागि कृषि तथा पशुपन्छी विकास मन्त्रालयमा माग गर्ने निर्णय गरियो ।

तपशिल

| प्रा.क | साप्ताहिक हाटबजार संचालन भएको र ुचालन गर्नु पर्ने स्थानको विवरण |
|---|---|
| १ | यस नगरपालिकाको वडा नं. ४ अमराईमा ज्योतिम मा.वि.को नाममा रहेको जग्गामा साप्ताहिक रुपमा सञ्चालन हुदै आएको हाटबजारलाई व्यवस्थि गर्न हाटबजार स्टल निर्माण गर्ने, शौचालय मर्मत लगायतको अवश्यक व्यवस्थापन गर्न माग गर्ने । |
| २ | वडा नं. १४ को विक्रममा रहेको सार्वजनिक जग्गामा हाटबजार संचालनको लागि स्टल लगायतका पूर्वाधार निर्माण गर्ने, जग्गा करिव २ रोपनी रहेको । |
| ३ | वडा नं. १३ को भोटे बजार वडा कार्यालयको नाममा रहेको जग्गामा हाटबजार संचालनको लागि स्टल लगायतका पूर्वाधार निर्माण गर्ने, जग्गा करिव २ रोपनी रहेको । |
| ४ | वडा नं. ११ को भक्कुचोकमा रहेको सार्वजनिक जग्गामा हाटबजार संचालनको लागि स्टल लगायतका पूर्वाधार निर्माण गर्ने, जग्गा करिव २ रोपनी रहेको । |

### निर्णय नं.- २

प्रस्ताव नं. २ माथि छलफल गर्दा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं.३३१, मिति २०८२/१२/१७ गतेको पत्र साथ प्राप्त कृषि तथा पशुपन्छी विकास मन्त्रालयको स्थानीय तहमा चिस्यान केन्द्र निर्माणको आवश्यकता तथा सम्भाव्यताका सम्बन्धमा विभिन्न १६ बुँदा उल्लेख गरी बिवरण माग भएको पत्रका सन्दर्भमा यस नगरपालिकाको वडा नं. ४ सानादहमा नगरपालिकाको नाममा रहेको १ रोपनी

प्रमुख प्रशासकीय अधिकृत

जग्गामा आर्थिक वर्ष २०८०/०८१ मा बनेको १५ टन क्षमताको एक मात्र चिस्यान केन्द्र सञ्चालनको लागि कार्यविधि निर्माण भईरहेको अवस्था छ । उक्त चिस्यान केन्द्रको थप सुदृढीकरण क्षमता विस्तार, शौचालय निर्माण, पहुँच मार्ग स्तरोन्नती गर्नु पर्ने भएकोले उल्लेखित पत्रबाट माग भएको विवरण भरी उल्लेखित कार्यको लागि माग गर्ने । साथै उक्त कार्यको लागि नगरपालिकामा आर्थिक श्रोतको अभाव रहेकोले लागत साझेदारी गर्न नसकिने भएकोले आवश्यक व्यवस्थापनको लागि कृषि तथा पशुपन्छी विकास मन्त्रालयमा माग गर्ने । साथै उक्त कार्यको लागि नगरपालिकाले उल्लेख भएबमोजिम ५० प्रतिशत लागत साझेदारी गर्ने प्रतिबद्धता सहित आवश्यक व्यवस्थापनको लागि कृषि तथा पशुपन्छी विकास मन्त्रालयमा माग गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा स्थानीय पूर्वाधार विकास आयोजना कार्यालय लुम्बिनी प्रदेशको च.नं.५१६ मिति २०८२/१२/५ गतेको पत्रबाट स्थानीय पूर्वाधार विकास विभाग श्रीमहल पुल्चोकले बैकल्पिक सहायक राजमार्ग कार्यक्रमको लागि सडको बृहत सूची तयार भईरहेकोले बैकल्पिक राजमार्गको रुपमा अगाडी बढाउन सम्भाव्य देखिएका, डिपिआर भएका सडकहरुको नामावली पठाउन भनि लेखी आएकोले यस नगरपालिकाका तपशिलमा उल्लेखित सडकहरुलाई बैकल्पिक राजमार्गको रुपमा अगाडी बढाउन माग गर्ने निर्णय गरियो ।

तपशिल

१ भंगाला डोहोटे कुडुले रजिया हिलेखोला सडक

२. चाक्ला वहखोर पाकुरी धानखोला सडक

३. वनकसवास खयरभट्टी मौवाबारी पत्थरकोट भंगाला मुसियान पावरा विकम तोरिवारी सालझण्डी सडक

४. विकम पावर गन्दी दमार बग्रबाजे सुवर्णखाल सितापुर कैलासे जुकेना लामाताल भालुवाङ्ग सडक

५. सातमारा लाहापे भालुवाङ्ग खनगुफा खर्वाङ्ग सडक

६. चाक्ला जुकेना ठूलाढुन्ग्रे बरौला सडक

७. सुपा देउराली दमार खऱ्यान धनचौर सेङ्गलेङ्ग दुर्वाङ्ग स्वर्गद्वारी सडक

८.मुसियान ढाड पात्लेपानी नेटाखर्क भिर्रा सितापुर सडक

९. सितापुर कैलासे सडक अर्न्तगत सितखोलामा मोटरेवल पुल

१०. पोखेडाडा पदमे सडक अर्न्तगत सितखोलामा मोटरेवल पुल

११. हर्रे बहखोर सिद्धारा लौरी लामाताल सडक

१२. सातमारा लाहापे सिलिङ्गखोला चिदिचौर सडक

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा बैठकमा आएका प्रस्तावहरुका सन्दर्भमा छलफल भई तपशिल बमोजिम गर्ने निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत

तपशिल

(क) यस नगरपालिकाका विभिन्न वडाहरुमा विभिन्न घटना भई आर्थिक समस्या भएका व्यक्तिहरुलाई शितगंगा नगरपालिकाको विपद व्यवस्थापन कोष तथा आर्थिक सहयोग कार्यविधि २०७९ र मृगौला प्रत्यारोपण गरेका, डायलाइसिस गरिरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका विरामीलाई औषधी उपचार वापत खर्च उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०७८ बमोजिम नबाभिने गरी तपशिल अनुसार आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो ।

तपशिल

१. शितगंगा नगरपालिका वडा नं. १ निवासी लाल बहादुर अधिकारीको श्रीमती बसन्ती अधिकारी मुटुरोग लागी लामो समय देखि विरामी भएको र आर्थिक अवस्था समेत कमजोर भएको भनि वडाको सिफारिस समेतका कागजातहरु पेश भएकोले निजलाई रु २५,०००। आर्थिक सहयोग उपचार खर्च प्रदान गर्ने ।

२. शितगंगा नगरपालिका वडा नं. १ निवासी शैलेन्द्र अधिकारीको आमा सुमित्रा अधिारी क्यानसर रोग लागि लामो समय देखि उपचार गराई रहेको र आर्थिक अवस्था समेत कमजोर भएको भनि वडाको सिफारिस समेतका कागजातहरु पेश भएकोले निजलाई रु २५,०००। आर्थिक सहयोग उपचार खर्च प्रदान गर्ने ।

३. शितगंगा नगरपालिका वडा नं. १४ बौरी निवासी कमानसिंह वि.क.को छोरा विजय वि.क.विरामी भई प्रादेशिक अस्पतालमा उपचार भईरहेको र आर्थिक अवस्था समेत कमजोर भएको भनि वडाको सिफारिस समेतका कागजातहरु सहित निवेदन पेश भएकोले निजलाई रु २५,०००। आर्थिक सहयोग उपचार खर्च प्रदान गर्ने ।

(ख) यस नगरपालिकाका तपशिल बमोजिमका सडकहरु आगामी आर्थिक वर्ष २०८३/०८४ मा संघीय सहरी विकास कार्यक्रममा समावेश गरी कार्यन्वयनको लागि सम्बन्धित निकायमा माग गर्ने ।

*तपशिल*

१. भेडामारे सिमलपानी भाटगाउँ चिदिचौर चोलारानी ढाव पावरा विक्रम सडक

२. रातामाटा गल्दा थारपाईला सिद्धारा हर्रे दुम्सी खयरभट्टी इमिलिया सडक

३. पत्थरकोट ढुन्गेसेरा पोखरा हर्रे सडक

४. पाणेगैरा खर्सका भिर्रा सुवर्णखाल सडक

५. पोखेडाँडा कालिमाटी पोखी सेक्लेक्ल सडक

(ग) मिति २०८२/१२/१० गतेको नगरसभाबाट बजेट स्वीकृत हुँदा शितगंगा नगरपालिका वडा नं. १ मा सब्दु मन्दिर निर्माण भनि रु १ लाख बिनियोजन भएकोमा मन्दिर निर्माण नभई मर्मत भएकोले सुधार गरी सब्दु मन्दिर मर्मत रु १ लाख कायम गरी कार्यान्वयन गर्ने ।

प्रमुख प्रशासकीय अधिकृ

(घ) सात्रौ नगरसभाबाट मेयर कप भलिबल प्रतियोगिता र उपमेयर कप क्रिकेट प्रतियोगिता भनि ४/४ लाखको दरले रकम बिनियोजन भएकोमा उक्त खेलकुद कार्यकम संचालन गर्न पेश भएको खर्च प्रस्ताव अनुसार रु ७५३०००।- नपुग हुने भएकोले उक्त नपुग हुने रकम चालु आ.व.को कन्टिन्जेन्सीबाट खर्च गर्ने गरी दुवै खेलकुद प्रतियोगिता संचालन गर्ने ।

(घ) नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०८२ चैत्र १३ को बैठकबाट स्वीकृत शासकीय सुधार सम्बन्धी एक सय कार्यसूचिहरुमा उल्लेख भएका साझा प्रतिबद्धताका सन्दर्भमा स्थानीय तहसँग सम्बन्धित प्रतिवद्धता मध्ये यस नगरपालिकाले गर्नु पर्ने विषयमा नेपालको संविधानको मूल मर्म, ऐन कानुनको परिपालना गर्दै समग्र कार्यसम्पादनलाई नतिजामुखी, प्रभावकारी मापनयोग्य, जावाफदेही र नागरिकहरुले महशुस गर्ने गरी थप प्रभावकारी रुपमा कार्य गर्ने ।

(ङ) नगरपालिकाको क्षेत्र भित्र संचालित सवै हाट बजारहरुको नियमानुसारको दस्तुर/राजश्व नगरपालिकाले संकलन गर्ने ।

(च) वडा नं. १३ को कल्याण आ.वि. ट्रष्ट भवन निर्माणको लागि रकम रु ११ लाख बजेट विनियोजन भएकोमा उक्त रकम विद्यालय व्यवस्थापन समिति मार्फत कार्यान्वयन गरी कार्य सम्पन्न पश्चात रकम विद्यालयको खातामा निकासा गर्ने गरी सम्झौत गर्ने । साथै सम्झौता गर्दा उक्त भवन निर्माणको लागि अन्यत्र कही कतैको श्रोत भएनभएको विद्यालय व्यवस्थापन समितिको निर्णय लिई दोहोरो पना नभएको भए सम्झौता गराई कार्यान्वयन गर्ने ।

(छ) यस नगरपालिकाले विभिन्न प्रकारका विरामी तथा प्रकोप पिडितहरुलाई सहायता रकम उपलब्ध गराउदै आएकोमा उक्त आर्थिक सहायत तथा राहत वितरण सम्बन्धि कार्यविधिहरु आवश्यक परिमार्जन गरी समय सापेक्ष बनाउन विद्यायन समितिलाई जिम्मा दिने ।

२०८२/१२/२१

प्रमुख प्रशासकीय अधिकृत